नेपालको संविधानको धारा २१८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम मिति २०७६/०७/२९ गतेको बसेको वीरगंज महानगरपालिका, नगर कार्यपालिका बैठकमा छलफलका लागि पेश गरिएका देहायका एजेन्डाहरुमा निम्नअनुसार निर्णय गरियो ।

| क्र.सं. | एजेन्डाहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धीकार्यविधि, २०७६ स्वीकृत गर्ने सम्बन्धमा । | वीरगंज महानगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने निर्णय गरियो । |
| २ | भवन निर्माण मापदण्ड सम्बन्धमा । | २.१ वीरगंज महानगरपालिकाको भवन निर्माण मापदण्ड, २०७५ को दफा १४ बमोजिम मापदण्डले तोकेको भन्दा बढी निर्माण काम भएको संरचनाको अभिलेखीकरण गर्ने प्रावधान लाई थप प्रष्टता गर्नु पर्ने आवश्यक भएकोले सोही मापदण्डको दफा २० बमोजिमको अधिकार प्रयोग गरी सो सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।<br>(क) वीरगंज महानगर क्षेत्रभित्र २०७६ कार्तिक मसान्त सम्म बनेका संरचनाहरुको हकमा मात्र यो लागु हुनेछ ।<br>(ख) माथि उल्लेखित अनुसारको संरचनाहरुको अभिलेखीकरणका लागी कार्यालयले २०७६ चैत्र मसान्तसम्मको लागि सार्वजनिक सूचना प्रकाशन गर्नेछ । सो बमोजिम सम्बन्धित घरधनीहरुले सम्पूर्ण कागजात, प्रमाण, नक्सा समेत राखी चैत्र मसान्त सम्म वीरगंज महानगरपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।<br>(ग) समयावधि भित्र पर्न आएका आवेदनहरुको भवन निर्माण इजाजत शाखाले प्राविधिक जाँचबुझ गरी मापदण्ड बमोजिम भए नभएको खुलाई राय सहितको प्रतिवेदन ७(सात) दिन भित्र कार्यालयमा पेश गर्नु पर्नेछ ।<br>(घ) सार्बजनिक, पर्ती, मन्दिर, सांध संधियारको जग्गा, सडक, चौक,धर्मशाला र खोलाको जग्गा मिची बनाएको संरचनाको प्रमाणीकरण गरीने छैन । प्राविधिक प्रतिवेदन दिँदा यसको यथार्थ अवस्था स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।<br>(ङ) स्वीकृत क्षेत्रफल भन्दा बढी बनेको तर मापदण्ड अनुकुल बनेकोमा कानून बमोजिमको जरिवाना गर्ने र मापदण्ड विपरीत बनेकोमा प्रति वर्गफिट रु १००/- जरिवाना गरी भवन निर्माण सम्पन्न वा भवन निर्माण प्रमाणित प्रमाण पत्र उपलब्ध गराउनु पर्ने छ ।<br>(च) भवन निर्माण प्रमाणिकरण गर्नु अघि चालु आ.ब. २०७६/०७७ सम्म तिर्नु बुझाउनु पर्ने मालपोत, सम्पति कर, बहाल कर, व्यवसाय कर तिरेको निस्सा पेश गर्नु पर्ने छ ।<br>(छ) अब उपरान्त सो भन्दा बढी थप निर्माण गर्ने छैन, मापदण्ड भन्दा बढी |

०७६/६/२९

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | निर्माणको प्रमाणिकरण [illegible] पनि महानगरपालिकाले आदेश दिएको बखत भत्काउने छु भनी कबुलियत गराई सो को सनाखत गरी अभिलेखीकरण गर्नु पर्नेछ ।<br>(ज) सम्पूर्ण प्रक्रिया पुरा गरे पछी पन्ध्र दिन भित्र प्रमुख प्रशासकीय अधिकृत वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकृतले तोकिएको दस्तुर लिई भवन निर्माण सम्पन्न वा प्रमाणित प्रमाण पत्र जारि गर्नु पर्नेछ । पन्ध्र दिन भित्र प्राविधिक कारणले जारि गर्न नसकिने भए कारण सहित सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्ने छ ।<br>(झ) प्रचलित मापदण्ड विपरीत निर्माण भएको भवनलाई निर्माण प्रमाणित गरेकै आधारमा नेपाल सरकार,प्रदेश सरकार वा वीरगंज महानगरपालिका बाट कानुन बमोजिमको कारवाही गर्न बाधा पुगेको मानिने छैन ।<br>(ञ) भवन निर्माण प्रमाणित प्रमाण पत्र अंश बन्डा, बेचबिखन, हक हस्तान्तरण, वैंक प्रयोजन, बिमा प्रयोजन, बहाल सम्झौता प्रयोजन लगायतका कामका लागि मान्य हुने बिषय सम्बन्धित निकायमा पत्राचार गरीनेछ ।<br>२.२ २०७४ साल भन्दा पहिला भवन निर्माण इजाजत प्रमाण पत्र प्राप्त गरी भवन निर्माण गरेको तर भवन निर्माण सम्पन्न प्रमाण पत्र तोकिएको समय भित्र नलिएको अवस्थामा पुरानै मापदण्ड बमोजिम भवन निर्माण गरेको भए तोकिएको जरिवाना लिई २०७७ असाढ मसान्त सम्म भवन निर्माण सम्पन्न प्रमाण पत्र दिने निर्णय गरियो ।<br>२.३ २०७४ साल पछाडी भवन निर्माणका लागि इजाजत पाएका र नयाँ मापदण्ड अनुसार सेटबैक छोडेको नाला बाहेकको जग्गामा कम्तीमा २ दुई वटा विरुवा लगाउने तथा नेपाल सरकार, प्रदेश सरकार, वीरगंज महानगरपलिकाले आवश्यक परेको समयमा भत्काउने शर्तमा सरसफाई तथा सुरक्षाका लागि बढीमा चार फिट सम्म अस्थाई रुपमा कम्पाउण्ड वाल बनाउन सहमति दिने निर्णय गरियो। |
| ३ | वडा न. ३२ को वडा कार्यालय भवन निर्माण आयोजना अन्यत्र सार्ने सम्बन्धमा । | वीरगंज महानगरपालिका वार्ड नं. ३२ मा साविकको गा.वि.स. भवन चोर्नीमा रहेको तर वडा कार्यालय घर भाडामा लिई बसिरहहेकोमा वीरगंज महानगरपालिकाबाट घर भाडा उपलब्ध गराउन नसकिने भनी पत्राचार भएको र आ.व. २०७५/०७६ मा सोही वडाको परसवा टोलमा वडा कार्यालयको नयाँ भवन बनाउन बोलपत्र आह्वान भएकोमा जग्गा विवादका कारण हाल सम्म पनि निर्माण कार्य अगाडी बढ्न नसकेको परिप्रेक्ष्यमा चोर्निमा वडा कार्यालय हुँदा हुँदै नया बनाउने/नबनाउने वा उक्त निर्माण आयोजना अन्यत्र सार्न उपयुक्ताको अध्ययन गरी राय सुझाव सहितको प्रतिवेदन पेश गर्न पूर्वाधार विकास समितिका संयोजक, सुशासन समितिका संयोजक र कार्यपालिका सदस्य बैजन्ती माला सहितको टोलीलाई जिम्मेवारी दिने निर्णय गरियो । |
| ४ | मधेश आन्दोलनका | पर्सा जिल्ला क्षेत्र नं. १ का प्रतिनिधि सभा सदस्य माननीय श्री प्रदिप यादव |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | शहीदहरुको पार्क निर्माणका लागि जग्गा सम्बन्धमा । | ज्यूले मधेश आन्दोलनका शहीदहरुको शालिक निर्माण गर्न जग्गा उपलब्ध गराउनका लागि लिखित रुपमा माग गर्नु भएकोमा घण्टाघरको उत्तरमा जडान भएको High Mast Light सँग जोडिएको सार्वजनिक जग्गामा शहीदहरुको शालिक निर्माण गर्न सहमती दिने निर्णय गरियो । |
| ५ | बसपार्क टर्मिनल निर्माण मुद्दा सम्बन्धमा | बसपार्क टर्मिनल निर्माण गर्दा जग्गा च्यापिएको र घरको बाटो बन्द भएकोमा बाटो खोलाई दिन स्थानीय बासिन्दाको तर्फबाट अदालतमा मुद्दा परेको र पुजा उपाध्यायले मिलापत्रको लागि निवेदन समेत दिएको हुँदा सो समबन्धमा अध्ययन गरी कानूनी राय सुझाव पेश गर्न वीरगंज महानगरपालिकाका कानुनी सल्लाहकार कमलमोहन पोखरेल र विरेन्द्र यादवलाई जिम्मा दिने निर्णय गरियो |
| ६ | आर्थिक सहायता सम्बन्धमा | ६.१ <u>गढीमाई मेलाका लागि आर्थिक सहयोग सम्बन्धमा :</u> प्रत्येक ५ पाच वर्षमा लाग्ने गढीमाई मेला संचालन तथा व्यवस्थापनका लागि श्री गढीमाई मन्दिर संचालन तथा विकास समिति बारियारपुर बारा तथा श्री गढीमाई पंचबर्षीय मेला व्यवस्थापन मूल समिति २०७६ महागढीमाई नगरपालिका बरियारपुर बाराले सहयोग मांग गरेकोले आ ब २०७६।०७७ को लागि चालु तर्फ खर्च शिर्षकमा २८९११ मा विनियोजित बजेट बाट चालु तर्फको खर्च शिर्षक न. २५३१५ मा रु. १५ पन्ध्र लाख रकमान्तर (ट्रान्सफर) गरी १०० थान टवाइलेट निर्माण गर्न ४ चार लाख र अन्य ब्यबस्थापनको लागि नगद रु. ११ एघार लाख गरी जम्मा रु. १५ पन्ध्र लाख नगद तथा ५० पचास थान चापाकल हेड फिर्ता हुने गरी पंचबर्षीय गढीमाई मेला मूल समितिलाई सहयोग उपलब्ध गराउने निर्णय गरियो ।<br>६.२ तपसिल अनुसारका व्यक्ति संघ संस्थाले आर्थिक सहयोग मांग गरेकोमा देहाय बमोजिमको रकम आर्थिक सहायता वापत निम्नानुसारको खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । |

| क्र.सं. | नाम ठेगाना | खर्च शिर्षक नं | रकम |
|---|---|---|---|
| १ | नूरी मस्जिद इनर्वा वीरगंज - १८ | २५३१५ | १५ पन्ध्र हजार |
| २ | जनजाति कल्याण आश्रम नेपाल | २६४१३ | १० दस हजार |
| ३ | राष्ट्रिय प्रजातन्त्र पाटी (संयुक्त) जिल्ला कार्य समिति, पर्सा | २५३१५ | २५ हजार |
| ४ | मुस्कान खातुन वडा नं. ३ को उपचारका लागि | २५३१५ | २ लाख |
| ५ | नेपाल आर्य समाज पीपरा शाखा वीरगंज | २६४१३ | ५० हजार |
| ६ | कुमारी देवी कहारीन वडा समिति सदस्य – वडा नं. ११ | २११२३ | २५ हजार |
| ७ | शिवशंकर प्रसाद रौनियार वडा नं. ७ वी.म.न.पा. | २५३१५ | २५ हजार |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ८ | चन्दन कुमार वी.म.न.पा. | २५३१५ | १५ हजार |
| ९ | यूनाइटेड क्रिकेट क्लब वीरगंजलाई बी.पी.एल. क्रिकेट प्रतियोगिता आयोजनाको लागि | २२५२२(खेल कुद प्रवर्धनकार्यक्रम) | १लाख ५० हजार |
| १० | पतिया देवी वी.म.न.पा. -२९ | २५३१५ | १० हजार |

| | | |
|---|---|---|
| ७ | विविध | ७.१ <u>गत विगतको धरौटी फिर्ता सम्बन्धमा</u> :<br>विरगंज महानगरपालिकाले बोलपत्र, शिलबन्दी तथा दरभाउपत्रको माध्यमबाट निर्माण कार्य, मालसमान तथा परामर्श सेवा खरिद गर्दा गत विगतदेखि २०७४/०७५ सम्म निर्माण व्यवसायी, परामर्शदाता, सप्लायर्स तथा आपूर्तिकर्ताको बिलबाट कट्टा गरी राखिएको Retention money वापतको रकम शहरी पूर्वाधार विकास महाशाखाको सिफारिश तथा कर चुक्ता प्रमाणको आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।<br>७.२ <u>वातावरण प्रदुषित गर्नेलाई कारवाही गर्ने सम्बन्धमा</u> :<br>वीरगंज महानगरपालिका भित्रका श्रीसिया नदी लगायतका अन्य नदीनाला, जलाशयाहरुमा दुर्गन्धित पदार्थ, ठोस तथा तरल फोहोर पदार्थ फाल्ने कार्य गरी जल प्रदुषण र माटो प्रदुषण गर्ने तथा धुँवा फाली वायु प्रदुषण गर्ने कार्यको रोकथाम तथा नियन्त्रण गर्ने तथा नमान्नेलाई आवश्यक कारवाही गर्न वडा समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।<br>७.३ वातावरण प्रदुषित पार्ने लाई वडा समितिले कारवाही गर्दा नमान्नेलाई थप कारवाही गर्न वडा समितिले वीरगंज महानगरपालिका लाई लेखी पठाउने र वीरगंज महानगरपालिकाले स्थानीय प्रशासनको सहयोग लिई कानूनी उपचारका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।<br>७.४ <u>पोलिटेकनिक कलेजका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा</u> :<br>प्रदेश सरकार र भारत सरकारको संयुक्त लगानीमा पोलिटेकनिक कलेज निर्माण गर्न वीरगंज महानगरपालिका वडा न. १५ भेडियाही स्थित किता न . ८५ को सार्वजनिक जग्गा उपलब्ध गराउन सहमती दिने निर्णय गरियो र सोही बमोजिम प्रदेश न. २ को प्रदेश सरकारलाई जानकारी गराउने समेत निर्णय गरियो ।<br>७.५ <u>सामाजिक कार्यका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा</u> :<br>वीरगंज महानगरपालिका वडा न. १५ स्थित कचरिया पोखरीको सार्वजनिक २२ कट्ठा जग्गा मध्ये सार्वजनिक कार्य तथा मानव सेवाका लागि ९ (नौ) कट्ठा जग्गा मानव सेवा आश्रम वीरगंज लाई ९ (नौ) कट्ठा जग्गा वृद्धा आश्रम निर्माणका लागि जेष्ठ नागरिक संघ पर्सा लाई र त्यस मध्ये बाँकी रहेको जग्गा धर्मशाला निर्माणका लागि उपलब्ध गराउन सहमती दिने निर्णय गरियो ।<br>७.६ <u>आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण सम्बन्धमा</u> :<br>नेपाल सरकारको स्वास्थ्य नीति अनुरुप स्वास्थ्य सम्बन्धी नागरिकको हक |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | लाई कार्यान्वयन गर्दै आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न आ.ब. २०७६/०७७ मा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाण्डौं र वीरगंज महानगरपालिकाको लागत सहभागितामा वीरगंज महानगरपालिका वडा न. २,५,६,७,८ र १३ मा Type-२ को आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण गर्ने निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत